# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत २४ गते २०५५ साल (अतिरिक्ताङ्क ८१ (क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन, २०५५ को अनुसूची ६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कुनै संगठित संस्था वा कम्पनीले स्थापना गर्ने निवृत्तभरण कोष वा उपदान कोषले पालन गर्नु पर्ने शर्त तथा बन्देज देहायबमोजिम तोकेको छ ।

१. निवृत्तभरण कोष वा उपदान कोषको स्थापनाको लागि कर विभागमा दिइने निवेदनसाथ त्यस्तो कोष संचालन गर्ने कार्यविधि समेत स्पष्ट रुपमा उल्लेख गरिएको विनियम समेत पेश गर्नु पर्नेछ ।

२. निवृत्तभरण कोष वा उपदान कोषमा जम्मा गरिएको रकम नेपाल अधिराज्यका वाणिज्य बैंकमा जम्मा वा नागरिक लगानी कोष वा श्री ५ को सरकारले जारी गरेको ऋणपत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

३. निवृत्तभरण कोष वा उपदान कोषको सञ्चालन व्यवस्थापन र कर्मचारीको प्रतिनिधिबाट संयुक्त रुपमा हुनु पर्नेछ ।

४. निवृत्तभरण कोष वा उपदान कोषको लगानीबाट प्राप्त ब्याज आम्दानीलाई निवृत्तभरण वा उपदानको लागि व्यहोर्नु पर्ने दायित्व बराबर नभएसम्म खर्च मिन्हा दिइनेछ । सो भन्दा बढी भएको ब्याज आम्दानीलाई खर्च मिन्हा दिइने छैन । तर यसरी मिन्हा पाउनको लागि निवृत्तभरण कोषवा उपदान कोषमा खर्च लेखेको रकम महिना समाप्त भएको मितिले आषाढ महिनाको हकमा एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

महिना भित्र र अन्य महिनाको हकमा १५ दिन भित्र माथि दफा २ मा लेखिए बमोजिमको संस्थामा जम्मा गरेको वा लगानी गरेको हुनु पर्नेछ ।

५. निवृत्तभरण कोष वा उपदान कोषमा जम्मा रहेको रकम संगठित संस्था वा कम्पनीले निवृत्त भइसकेको कर्मचारीलाई निवृत्तभरण वा उपदान दिन बाहेक अन्य कार्यमा खर्च गर्न पाउनेछैन । यसरी निवृत्तभरण वा उपदान दिन बाहेक अन्य कार्यमा खर्च लेखिएकोमा उक्त रकम त्यस आर्थिक वर्षको खूद आयमा समावेश गरिनेछ ।

६. निवृत्तभरण कोष वा उपदान कोष स्थापना गर्ने संगठित संस्था वा कम्पनीको सेवामा बहाल रहेका कर्मचारीलाई यस्तो कोषमा रहेको रकम भुक्तानी भएको रहेछ भने सो रकमलाई भुक्तानी भएको आर्थिक वर्षको कर्मचारीको वार्षिक पारिश्रमिक आयमा जोडेर सोमा आयकर ऐन, २०३१ को दफा ३६ बमोजिम अग्रिम कर कट्टि गर्नु पर्नेछ र त्यस्तो रकम सम्बन्धित संगठित संस्था वा कम्पनीको कर निर्धारण गर्दा खर्च मिन्हा हुनेछैन ।

७. निवृत्तभरण कोष वा उपदान कोषको लेखा परीक्षण आयकर ऐन, २०३१ को दफा ५१ बमोजिम स्वीकृत लेखापरीक्षकबाट प्रत्येक वर्ष अनिवार्य रुपमा गराउनु पर्नेछ ।

८. निवृत्तभरण कोष वा उपदान कोष संचालनमा अनियमित भएको वा उल्लिखित शर्तहरू पालना नगरेको भनी सम्बन्धित कर कार्यालयबाट लेखी आएमा कर विभागले त्यस्तो संगठित संस्था वा कम्पनीलाई माथि दफा २ बमोजिम संचालन गर्न दिएको निवृत्तभरण कोष वा उपदान कोषको स्वीकृति रद्द गर्न सक्नेछ ।

९. निवृत्तभरण कोष वा उपदान कोषको स्वीकृती रद्द भएको अवस्थामा संगठित संस्था वा कम्पनीको अवकाश प्राप्त गरी सकेका कर्मचारीले पाउने रकम कटाई बाँकी रकम त्यस आर्थिक वर्षको कर निर्धारण गर्दा सम्बन्धित संगठित संस्था वा कम्पनीको आयमा समावेश गरिनेछ ।

१०. संगठित संस्था वा कम्पनी विघटित भएको अवस्थामा निवृत्तभरण कोष वा उपदान कोषमा रहेको रकम मध्ये अवकाश प्राप्त गरिसकेका कर्मचारीले पाउने रकम कटाई बाँकी रकम विघटन भएको आर्थिक वर्षको कर निर्धारण गर्दा त्यस्तो संगठित संस्था वा कम्पनीको खूद आयमा समावेश गरिनेछ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।